नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४८५

मितिः२०८३/०२/२७

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

विषयः मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनको विषयमा राय सुझाव माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि, वन तथा वातावरण मन्त्रालयको प.सं.२०८२/८३, च.नं.८४, मिति २०८३/०२/२५ को पत्रमार्फत बाँदर, बँदेल, निलगाई र दुम्सी लगायतबाट कृषि बालिमा हुने क्षति न्यूनीकरण गर्न मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनको विषयमा केन्द्रित भई राय सुझाव उपलव्ध गराउन स्थानीय तहको राय/सुझावको लागि समन्वय र सहजीकरण गरिदिन अनुरोध भई आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

वोधार्थः

श्री कृषि, वन तथा वातावरण मन्त्रालय सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०८२।८३
चलानी नं. : ८४

मितिः २०८३/०२/२५
नेपाल सम्वत् ११४६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

४३३
२१२१

प्र.शा.प
१४६३
२२६

विषयः समन्वय एवं पत्राचार सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार कृषि, वन् तथा पर्यावरण मन्त्रालय (माननीय मन्त्रिस्तर) मिति २०८३/०२/०४ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू"संरक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतका प्रतिनिधिहरू, संरक्षणकर्मी तथा अनुसन्धान कर्ता, अर्थ विज्ञ, कृषि विज्ञ, पशु चिकित्सक लगायतका विज्ञहरू सदस्य रहेको मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरूका सम्बन्धमा राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन भएको व्यहोरा अनुरोध छ ।

यस सन्दर्भमा, कार्यदलको मिति २०८३/०२/१८ को बैठकले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्ने, संघ, प्रदेश र स्थानीय सरकारका निकायहरू, गैह सरकारी संघ संस्था, विज्ञहरू र आम सर्वसाधरणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको हुँदा बाँदर, बँदेल, नीलगाई र दुम्सी लगायतबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित सुझाव उपलब्ध गराउनका लागि अनुरोध गरि कार्यदलबाट मिति २०८३/०२/२२ गते यस मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको पत्र उपर तहाँ मन्त्रालयबाट समेत सबै स्थानीय तहहरुमा पत्राचारम गरि राय सुझाव प्राप्त गर्ने कार्यमा थप सहजीकरण तथा समन्वय गरिदिनुहुन हार्दिक अनुरोध छ। साथै, उल्लिखित पत्रको प्रतिलिपि पाना एक (१) यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

.............................
शिला ज्ञवाली
सदस्य
मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदल
उपसचिव (प्रा.)

बोधार्थः श्री मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदलको सचिवालय, सिंहदरबार, काठमाण्डौ ।